WWF

*for a living planet*®










# Conservation Awards 2009

## संरक्षण पुरस्कार २००९

WWF's mission is to stop the degradation of the planet's natural environment and to build a future in which humans live in harmony with nature, by:

- Conserving the world's biological diversity
- Ensuring that the use of renewable natural resources is sustainable
- Promoting the reduction of pollution and wasteful consumption

WWF

*for a living planet*®


**WWF**

The Global Conservation Orgirization
P.O. Box 7660 Baluwatar
Kathmandu, Nepal
Tel 977 1 4434820
Fax 977 1 4438458
Email: info@wwfnepal.org
Website: www.wwfnepal.org

## Message from the Country Representative

Abraham Conservation Awards, established to motivate the conservationists dedicated towards conservation, has crossed 15 years. During this period, the award has inspired the conservationists and local community dedicated towards conservation at grassroots level.

The Matthew Preece and Yeshi Choden Lama Young Conservation Leaders Award and WWF Media in Conservation Award, established in the year 2007 has added enthusiasm in the young conservationists and journalists.

The achievements and contribution of the individuals and organizations awarded with this year's Abraham Conservation Awards, Matthew Preece and Yeshi Choden Lama Young Conservation Leaders Award and WWF Media in Conservation Award, have been compiled in brief in this booklet.

I believe going through their contributions will inspire YOU to be a part of the conservation movement.

**Anil Manandhar**

## राष्ट्रिय प्रतिनिधिको सन्देश

पाईला पाईलामा संरक्षणप्रति समर्पित र पलै पिच्छे संरक्षणमा होमिएका कटिबद्ध संरक्षणर्कताहरुलाई उत्तप्रेरित गर्ने उद्देश्यले स्थापना गरिएको अब्राहम पुरस्कारले १५औं वर्ष पार गरेको छ। यस अवधिमा स्थानीय स्तरमा जैविक विविधताको संरक्षणमा लागी परेका संरक्षणकर्तालाई र स्थानीय समुदायलाई यी धरोहरको जगेर्ना गर्न यस पुरस्कारले हौस्याएको छ।

सन् २००७ मा स्थापित म्याथ्यु प्रीस तथा येशी लामा युवा संरक्षण अगुवा पुरस्कार र डब्लु डब्लु एफ संक्षणमा मिडिया पुरस्कारले युवा संरक्षणकर्मी र पत्रकारलाई थप हौसला प्रदान गरेको छ।

विगतका वर्ष झै यस वर्ष पनि अब्राहम संरक्षण पुरस्कार, म्याथ्यु प्रीस तथा येशी लामा युवा संरक्षण अगुवा पुरस्कार र डब्लु डब्लु एफ संरक्षणमा मिडिया पुरस्कारलद्वारा सम्मानित हुनुभएका महानुभावहरुले गर्नुभएका उल्लेखनिय कार्य र उपलब्धिलाई यस पुस्तिकामा छोटकरीमा समेटिएको छ।

म विश्वस्त छु उहाँहरुको योगदानले तपाईलाई संरक्षण पहलको सहभागी बन्न उत्साहित गर्नेछ।

**अनिल मानन्धर**

## Abraham Conservation Award 2009

Abraham Conservation Award was established in 1995 through the generosity of Ms Nancy Abraham, a WWF US Board member, who was struck by the dedication and passion for conservation displayed by a national park staff.

For the past 15 years, the Abraham Conservation Award has recognized and honoured people and organizations that have made significant contributions to ensuring Nepal's rich biodiversity. It has also served as a means to raise awareness and motivation, especially among frontline conservationists.

## अब्राहम संरक्षण पुरस्कार २००९

अब्राहम संरक्षण पुरस्कारको स्थापना सन् १९९५ मा डब्लु डब्लु एफ अमेरिकाकी बोर्ड सदस्य श्री नान्सी अब्राहमको सहयोगबाट भएको हो। राष्ट्रिय निकुञ्जका कर्मचारीले संरक्षणका लागि देखाएको प्रतिबद्धता र लगनशिलताले उहाँलाई यो पुरस्कार स्थापना गर्न प्रेरणा मिलेको थियो।

विगत १५ वर्षमा अब्राहम संरक्षण पुरस्कारले नेपालको जैविक विविधता संरक्षण गर्न महत्वपूर्ण योगदान दिने व्यक्ति र संस्थाहरुको पहिचान र सम्मान गर्दै आएको छ। यस पुरस्कारले विशेष गरी अग्रपङ्क्तिका संरक्षणकर्तामा चेतना र उत्प्रेरणा बढाउने माध्यमको कार्य गरेको छ।





## Sonam Gyalzen Sherpa
## Social Service, Sagarmatha National Park Buffer Zone Management Committee Solukhumbu

Mr. Sonam Gyalzen Sherpa is the first and current Chairperson of Sagarmatha National Park Buffer Zone Management Committee (SNP BZMC). He played a crucial role in making the Sagarmatha area "bottle free zone" since 1998 and declaring buffer zone in the SNP as well as implementing various integrated conservation and development projects in the area. Ever since the establishment of Sagarmatha Pollution Control Committee (SPCC) with the support of WWF in the early 1990s, his concerted efforts to mainstream pollution control along the Sagarmatha trekking route and install porter shelters led to establish effective waste management system in the SNPBZ. His support to initiate micro hydro schemes in the SNPBZ is also significant which has directly reduced pressure on forest resources and benefitted local users through alternative energy in Chaurikharka VDC.

## सोनाम ग्यालजेन शेर्पा
## समाज सेवा, सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ति क्षेत्र व्यवस्थापन समिति सोलुखुम्बु

श्री सोनाम ग्यालजेन शेर्पा सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ति क्षेत्र व्यवस्थापन समितिका प्रथम तथा वर्तमान अध्यक्ष हुन् । उनले सगरमाथा क्षेत्रलाई बोतल रहित बनाउनका साथै सगरमाथा राष्ट्रिय निकुञ्जमा मध्यवर्ति क्षेत्र घोषणा गर्न तथा विभिन्न एकीकृत संरक्षण र विकासका कार्यक्रम सफलताका साथ सम्पन्न गर्नमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । सन् १९९० को शुरुमा डब्लू डब्लू एफको सहयोगमा संचालित सगरमाथा प्रदुषण नियन्त्रण समितिमा सकृय शेर्पाले सगरमाथा पदयात्रा मार्गमा प्रदुषण नियन्त्रण गर्न सहयोग पुऱ्याउँदै सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ति क्षेत्रमा प्रभावकारी फोहोर व्यवस्थापन प्रणाली स्थापना गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ति क्षेत्र अन्तर्गतको चौरीखर्क गा.वि.स.मा लघु जलबिद्युत योजना स्थापना गरी वनस्रोत माथि स्थानिय बासिन्दाको चाप कम गर्न उनले अग्रणी भूमिका निभाएका थिए ।





## Ramesh Bahadur Chand
## District Forest Officer, Darchula

Mr. Ramesh Bahadur Chand has 22 years of working experience in different District Forest Offices of Ministry of Forests and Soil Conservation since 1987. His contribution towards species conservation is exemplary since he has led many confiscations of wildlife derivatives and sent many poachers to jail. With his strong capability of mobilizing local level user groups, monitoring field activities and coordination with different key stakeholders, he has helped curbing illegal wildlife trade and reducing the poaching activities. With his initiation, a very cordial relationship has been developed with the trans-border security of India.

## रमेश बहादुर चन्द
## जिल्ला वन अधिकृत, दार्चुला

वन तथा भू-संरक्षण मन्त्रालय अर्न्तगतका विभिन्न जिल्ला वन कार्यालहरुमा२२ बर्षदेखि कार्यरत श्री रमेश बहादुर चन्दले प्रजाती संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । उनले चोरी शिकार तथा वन्यजन्तुको अवैध व्यापारमा संलग्न धेरै जनालाई पक्राउ गरी जेल चलान गरेका छन् । उपभोक्ता समूहको परिचालन, स्थानीय कार्यहरुको अनुगमन तथा विभिन्न सरोकारवालहरुसँग समन्वय गर्नसक्ने क्षमता भएका चन्दले अवैध वन्यजन्तु व्यापार तथा चोरी शिकार कृयाकलापलाई नियन्त्रण गर्न सहयोग पुऱ्याएका छन् । उनको सकृयतामा भारतीय सिमा सुरक्षाकर्मीसँग वन्यजन्तुको अवैध व्यापार रोक्न हार्दिक सम्बन्ध विस्तार भएको छ ।



## Gokarna Devkota
## Protection Force
## Gorakh Bahadur Battalion
## Chitwan National Park

Mr. Gokarna Devkota has served in Chitwan National Park for four years and is heading the Counter Poaching Cell in Chitwan National Park. He has carried out more than 30 anti-poaching operations arresting more than 70 rhino poachers. He is highly motivated to drive the anti-poaching cell and forming a best team to control poaching and illegal wildlife trade. He is also the head of intelligence network, media handling and operations.

## गोकर्ण देवकोटा
## सुरक्षा बल
## गोरख बहादुर गण, चितवन राष्ट्रिय निकुञ्ज

विगत चार वर्षदेखि चितवन राष्ट्रिय निकुञ्जमा कार्यरत श्री गोकर्ण देवकोटा चोरी शिकार प्रतिरोध इकाईका प्रमुख हुन् । उनले ३० भन्दा बढि चोरी शिकार प्रतिरोध अभियान संचालन गरेर ७० जना भन्दा बढि चोर शिकारीलाई गिरफ्तार गरेका छन् । उनी चोरी शिकार प्रतिरोधका लागि उत्कृष्ट समूह बनाएर चोरी शिकार तथा वन्यजन्तुको अवैध व्यापार रोक्न कटिबद्ध छन् ।



## Youba Raj Pokharel
## Forest Technician
## Tanahun

Mr. Youba Raj Pokharel has been working in Tree Improvement and Silviculture Unit of Department of Forest since 1998. He has been involved in tree improvement and tree domestication programme for sea buckthorn specis in the northwest Himalayan districts of Nepal. He is actively engaged in-situ and ex-situ gene conservation of two species of sea buckthorn .He has conducted many grassroots level trainings and extension programmes for sea buckthorn cultivation, product development, sustainable utilization and marketing of sea buckthorn products through frequent visits to remote districts.

## युवराज पोखेल
## वन प्राविधिक
## तनहुँ, नेपाल

श्री युवराज पोखेल सन् १९९८ देखि वन विभाग अर्न्तगतको वृक्ष सुधार तथा वन सम्वर्द्धन ईकाईमा  कार्यरत छन् । उनी नेपालको उत्तर-पश्चिम हिमालय जिल्लामा डालेचूक र भूंइचूकको वृक्ष सुधार तथा खेती विस्तार कार्यक्रममा संलग्न छन् । उनी डालेचूक र भूंइचूकको वंशाणुगत स्रोत संरक्षणमा सकृय रुपले लागि परेका छन् । विकट स्थानको भ्रमण गरिरहने उनले डालेचूक र भूंइचूकको खेती, उत्पादन विकास, दिर्घकालीन प्रयोग तथा बजारीकरण सम्बन्धमा स्थानीय तहमा धेरै तालिम संचालन गरेका छन् ।

## Ghunsa Snow leopard
## Conservation Sub-Committee
## Ghunsa Village, Taplejung

Ghunsa Snow Leopard Conservation Sub-Committee is the pioneer Community Based Organization (CBO) working towards conserving snow leopard and its habitat through mobilization of local community of Ghunsa. It has been actively implementing and monitoring snow leopard conservation activities at field level. Livestock Insurance Scheme (LIS) has been piloted and institutionalized by the sub-committee and has played a key role in reducing human wildlife conflict in the areas as well as transferring the knowledge to other mountain regions such as Dolpo and Langtang. The sub-committee has been involved in anti-poaching operations, curbing illegal wildlife trade, wildlife conservation, tourism promotion and NTFP management.

## घुन्सा हिउँ चितुवा संरक्षण उप-समिति
## घुन्सा, ताप्लेजुङ्ग

घुन्सा हिउँ चितुवा संरक्षण उप-समिति घुन्साका स्थानिय वासिन्दालाई परिचालन गरेर हिउँ चितुवा तथा यसको वासस्थानको संरक्षण गर्न स्थापित समुदायमा आधारित अग्रणी संस्था हो । यसले स्थानीय स्तरमा हिउँ चितुवा संरक्षणका कार्यहरु कार्यान्वयन तथा अनुगमन गरिरहेको छ । यस उप-समितिले पशु विमा योजना लागु गरेर संस्थागत गरेको छ जसले मानव-वन्यजन्तु द्वन्द्व न्यूनिकरणमा महत्वपूर्ण भूमिका खेलेको छ । यस योजनालाई लाङटाङ र डोल्पा जस्ता अन्य हिमाली क्षेत्रहरुमा पनि विस्तारित गरिएको छ । चोरी शिकार प्रतिरोध, वन्यजन्तुको अवैध व्यापार रोक्ने, वन्यजन्तु संरक्षण, पर्यटन विकास तथा गैर काष्ठ वन पैदावार व्यवस्थापन कार्यमा पनि यो समिति कृयाशील रहेकोछ ।





## Matthew Preece and Yeshi Choden Lama Young Conservation Leader Awards

In honor of Matthew Preece and Yeshi Lama and their life-long contribution to conservation, WWF has established "Young Conservation Leader Award" that recognizes young individuals for their dedicated and outstanding contribution to conservation. Through this award, WWF identifies and recognizes a new generation of committed conservation leaders to take on the many challenges facing Nepal in preserving its rich natural heritage.

## म्याथ्यू प्रिस तथा येशी छोदेन लामा युवा संरक्षण अगुवा पुरस्कार

म्याथ्यू प्रिस र येशी छोदेन लामाको सम्मानमा तथा उहाँहरुले संरक्षण प्रति देखाएको योगदानको कदर स्वरुप स्थापना गरिएको युवा संरक्षण अगुवा पुरस्कारले संरक्षणमा समर्पित तथा उल्लेखनीय योगदान पुऱ्याउने युवाहरुको सम्मान गर्दछ। यस पुरस्कार मार्फत डब्लु डब्लु एफले संरक्षणमा समर्पित भावी पुस्ताका अगुवाहरुको पहिचान गरी सम्मान गर्दछ।



### Hari Adhikari
### Co-ordinator

Mr. Hari Adhikari has been working for bat conservation voluntarily since 2005. He has worked for conservation of bats, birds and wetlands in Palpa, Rupendehi and Kaski districts. He has carried out bat conservation awareness program for school children in Madan Pokhara valley of Palpa district. In recognition of his work on bat conservation in Nepal, he has been appointed as Nepal Representative for IUCN Species Survival Commission (SSC) Bat Specialist Group. He is also a member of the Chiroptera Conservation and Information Network of South Asia (CCINSA). He is also the General Member of Bird Conservation Nepal (BCN) and Self Help Environment Awareness Camp (SHEAC).

### हरि अधिकारी
### संयोजक

श्री हरि अधिकारी चमेरा संरक्षणमा सन् २००५ देखि लागिपरेका छन्। उनी पाल्पा, रुपन्देही र कास्की जिल्लामा चमेरा, पन्छी, तथा सिमसार संरक्षणमा क्रियाशील छन्। उनले पाल्पा जिल्लाको मदनपोखराका विद्यालयहरुमा चमेरा संरक्षणमा विभिन्न चेतनामुलक कार्यक्रमहरु संचालन गरेका छन्। उनले नेपालमा चमेरा संरक्षणमा पुऱ्याएको योगदानको कदर गर्दै आइयूसिएनले उनलाई आइयूसिएन स्पीसिज सर्भाइभल कमिसन ब्याट स्पेस्लिस्ट ग्रूपका नेपाल प्रतिनिधिको रुपमा नियुक्त गरेको छ। उनी Chiroptera Conservation and Information Network of South Asia (CCINSA), पन्छी संरक्षण नेपाल (BCN) र Self Help Environment Awareness Camp (SHEAC) का सदस्य हुन्।



### Deepti Khakurel
### Development worker
### Association of Youth Organisation Nepal (AYON)

Ms. Deepti Khakurel has been leading Yatra since 2004. Yatra is a youth led and youth run organization devoted to environment and youth. She has been dedicated to conservation and promotion of activities related to Primary Environmental Care and wetland conservation. She has also conceptualized and implemented the Primary Education Care Campaign for environmental sustainability to fight against climate change. She is also a motivator and mentor of many young people and has served in different networks such as Association of Youth Organizations of Nepal (AYON) and other environmental organizations.

### दिप्ती खकुरेल
### विकास कार्यकर्ता
### नेपाल युवा संस्था संजाल (आयोन)

सुश्री दिप्ती खकुरेलले सन् २००४ देखि यात्राको नेतृत्व गर्दैआएकी छन्। यात्रा युवाहरुले नेतृत्व तथा संचालन गरेको वातावरण र युवामा समर्पित संस्था हो। उनले प्राथमिक वातावरणीय हेरचाह तथा सिमसार संरक्षण संबन्धी विभिन्न कार्यक्रमहरु गर्दै आएकी छन्। उनले जलवायु परिवर्तन विरुद्ध लड्नको लागि वातावरणीय दिगोपनाको लागि प्राथमिक शिक्षा हेरचाह अभियान अवधारणा विकास गरेर लागु गरेकी छन्। उनी विभिन्न युवाहरुको उत्प्रेरक तथा सल्लाहकार रहनुका साथै नेपाल युवा संस्था संजाल (आयोन) लगायत विभिन्न वातावरणीय संघ संस्थाहरुमा आवद्ध छिन्।

## WWF Media in Conservation Awards

The role of the media, whether print or electronic is increasingly playing a key role in spreading the message of conservation. Through the WWF Media in Conservation Award, WWF annually recognizes the transformational role of media persons or organization in highlighting conservation issues in Nepal.

## डब्लु डब्लु एफ संरक्षणमा मिडिया पुरस्कार

छापा वा विद्युतिय संचार दुवैले संरक्षणको सन्देश सम्प्रेशण गर्नमा प्रमुख भुमिका खेलेको हुन्छन् । डब्लु डब्लु एफ संरक्षणमा मिडिया पुरस्कार मार्फत डब्लु डब्लु एफले संरक्षका मामिला  जन समक्ष ल्याउन उल्लेखनीय योगदान पुऱ्याउने संचार माध्यमसंग सम्बन्धित व्यक्ति वा संस्थालाई प्रत्येक वर्ष सम्मान प्रदान गर्ने गर्दछ ।

### Abdullah Miya
### Sub Editor,
### Kantipur National Daily.

Mr. Abdullah Miya, an active reporter with Kantipur daily, has been writing on conservation issues for the last eight years. He has been specifically reporting on biodiversity conservation and wildlife conservation issues. He is the Secretary of Nepal forum of Environmental Journalists (NEFEJ) and General Secretary of Nepal Muslim Journalists Association.

### अब्दुल्ला मियाँ
### पत्रकार
### कान्तिपुर राष्ट्रिय दैनिक

विगत आठ बर्षदेखि संरक्षणका सवालमा कलम चलाउँदै आएका श्री अब्दुल्ला मियाँ कान्तिपुर राष्ट्रिय दैनिकका सकृय पत्रकार हुन् । उनले बिशेष गरेर जैविक विविधता तथा वन्यजन्तु संरक्षणका विषयमा लेख्दै आएका छन् । उनी नेपाल वातावरण पत्रकार समूहका सचिव तथा नेपाल मुस्लिम पत्रकार संघका महासचिव हुन् ।



## संरक्षण गान

**साथी हो जुटौ है संरक्षणलाई**
**चिनाउ है विश्वमा, सुन्दर हाम्रो नेपाललाई**

गैंडा बाघ रेडपाण्डा हिउँचितुवा र हात्ती
सबै मिली जोगाउँ है प्राकृतिक सम्पत्ति ।।।

वन्यजन्तु वनस्पति जैविक विविधता
दिगो रुपमा जोगाउन चाहिन्छ एकता ।।।

**साथी हो जुटौ है संरक्षणलाई**
**चिनाउ है विश्वमा, सुन्दर हाम्रो नेपाललाई**

हिमाल देखि तराई सम्म संरक्षणको भारी
एक्लै बोक्न गाह्रो हुन्छ गरौ साझेदारी ।।।

वन विनास जलवायु शत्रु हाम्रा साझा
समाधान गर्न सक्छौं जुट्यौं भने आज ।।।

**साथी हो जुटौ है संरक्षणलाई**
**चिनाउ है विश्वमा, सुन्दर हाम्रो नेपाललाई**

समुदायलाई बढाऔं अघि उनकै श्रोत भनी
जीवित रहोस् हाम्रो धर्ती भविष्यलाई पनि ।।।

हुर्कन दिउँ गैंडा बाघ हिउँचितुवा र पाण्डा
साकार पारौं फहराउँ हाम्रो संरक्षणको झण्डा ।।।

**साथी हो जुटौ है संरक्षणलाई**
**चिनाउ है विश्वमा, सुन्दर हाम्रो नेपाललाई**